# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ७) मुसिकोट,गुल्मी,मंसिर ५ गते,२०८० साल (संख्याः८

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

### गुणस्तरीय जीवनस्तरका लागि आवास क्षेत्र तथा शौचालय सुधार सहयोग कार्यक्रम कार्यविधि, २०८०

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिका नगरकार्यापालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गुणस्तरीय जीवनस्तरका लागि आवास क्षेत्र तथा शौचालय सुधार सहयोग कार्यक्रम कार्यविधि, २०८०

मुसिकोट नगरपालिका ,कार्यपालिका बैठकबाट

स्वीकृत मितिः २०८०/०७/२१ ।

**प्रस्तावनाः** नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बमोजिम मुसिकोट नगरपालिका भित्र रहेका विपन्न समुदायका अति गरीब परिवारहरु, सिमान्तकृत, अल्पसङ्ख्यक, दलित र अपाङ्गता भएका व्यक्तिको आवास क्षेत्र सुधारका साथै घर/आवास बनाउन नसक्ने अवस्थाका परिवारलाई जीवनयापनको लागि सुरक्षित ,लैंगिकमैत्री, अपाङ्गमैत्री र बातावरणमैत्री आवास निर्माण गर्न तथा व्यवस्थित बसोबासको लागि शौचालय, स्नानगृह र भान्साघर निर्माणको लागि आन्तरिक र बाह्य स्रोत व्यवस्थापन गरी सहयोग गर्ने उद्देश्यका साथ सञ्चालन हुने आवास क्षेत्र तथा शौचालय सुधार कार्यक्रम कार्यान्वयन गर्न बाञ्छनीय भएकोले,

मुसिकोट नगरपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गुणस्तरीय जीवनस्तरका लागि आवास क्षेत्र तथा शौचालय सुधार सहयोग कार्यक्रम कार्यविधि, २०८०

" रहेको छ ।

(२) यो कार्यविधि मुसिकोट नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) " ऐन " भन्नाले आवासको अधिकार सम्बन्धी ऐन, २०७५ सम्झनुपदर्छ ।

(ख) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिका सम्झनुपदर्छ ।

(ग) "संयोजक" भन्नाले दफा ८ बमोजिमको लगत संकलन तथा सिफारिस समितिको संयोजक सम्झनुपदर्छ ।

(घ) "विपन्न समुदाय" भन्नाले न्यूनतम आवश्यकताहरू गाँस, बास, कपासको समस्या रहेको र सो को व्यवस्था गर्न आर्थिक

मुसिकोट राजपत्र

कठिनाई भएको मुसिकोट नगरपालिका क्षेत्रभित्र बसोवास भएको परिवारलाई सम्झनुपदर्छ ।

(ङ) "समिति" भन्नाले दफा ८ बमोजिम विपन्न समुदायका अति गरीब परिवारहरु, सिमान्तकृत, अल्पसङ्ख्यक, दलित र अपाङ्गता भएका व्यक्तिको परिवार पहिचान गरी लगत संकलन गर्ने तथा प्राथमिकता क्रम समेत तोकी प्रतिवेदन पेश गर्ने उद्देश्यले मुसिकोट नगरपालिकामा गठन भएको लगत संकलन तथा सिफारिस समिति सम्झनुपदर्छ ।

(च) "कार्यक्रम" भन्नाले गुणस्तरीय जीवनस्तरका लागि आवास क्षेत्र तथा शौचालय सुधार सहयोग कार्यक्रम अन्तर्गत मुसिकोट नगरपालिका क्षेत्रभित्र रहेका विपन्न समुदायका अति गरीब परिवारहरु, सिमान्तकृत, अल्पसङ्ख्यक, दलित र अपाङ्गता भएका व्यक्तिको परिवारलाई सुरक्षित आवास (घर) निर्माण वा सुधार गर्न तथा जीवनस्तर सुधार्नको लागि स्नानगृह, भान्साघर, शौचालय, घरमा अपाङ्गमैत्री संरचना निर्माण वा सुधारको लागि अनुदान सहयोग उपलब्ध गराउने कार्यक्रम सम्झनुपर्छ ।

(छ) "कार्यालय" भन्नाले मुसिकोट नगर कार्यपालिकाको कार्यालय सम्झनुपदर्छ ।

(ज) "लाभग्राही" भन्नाले दफा ३ बमोजिम पहिचान गरीएका व्यक्ति वा परिवालाई सम्झनुपदर्छ ।

(झ) "प्रमुख" भन्नाले मुसिकोट नगरपालिकाको नगर- प्रमुख सम्झनुपदर्छ ।

(ञ) “सदस्य" भन्नाले दफा ८ बमोजिमको लगत संकलन तथा सिफारिस समितिको सदस्य सम्झनुपदर्छ ।

(ट) "अनुगमन समिति" भन्नाले मुसिकोट नगरपालिकामा उप-प्रमुखको संयोजकत्वमा गठन भएको समिति सम्झनुपदर्छ ।

परिच्छेद २

**लाभग्राही पहिचान र छनौटको आधार**

**३. लाभग्राहीको पहिचान** : (१) लाभग्राहीको पहिचान देहायका आधारमा गरीनेछ ।

(क) नगरपालिका क्षेत्रमा बस्ने विपन्न समुदायका अति गरीब परिवारहरु, सिमान्तकृत, अल्पसङ्ख्यक, दलित र अपाङ्गता भएका व्यक्तिको घरपरिवार ,

(ख) विगत २ (दुई) वर्ष देखि नगरपालिकामा स्थायी बसोबास गर्दै आएको प्रमाण,

(ग) लाभग्राही बसोबास गर्दै आएको छाप्रो वा टहरा खर ,पराल, स्याउला वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीबाट सजिलै प्रभावित हुन सक्ने अन्य सामग्रीबाट छाएको,

(घ) गुणस्तरीय जीवनस्तरका लागि आवास क्षेत्र, स्नानगृह, भान्साघर ,शौचालय निर्माण वा सुधार गर्न चाहेको विपन्न घरपरिवार,

(ङ) परिवार सदस्यमा "क" वर्गको अपाङ्गता वा पूर्णरुपले दृष्टिबिहिन रहेको घर परिवार ।

**४. लाभग्राही छनौटको आधार तथा विधिः** (१) लाभग्राही छनौट गर्न कार्यालयबाट अनुसूची-१ बमोजिमको सूचना प्रकाशित गरी कार्यक्रमबाट लाभान्वित हुन सक्ने लाभग्राहीहरुलाई अनुसूची -२ बमोजिमको निवेदन पेश गर्न लगाई नगरपालिकाको समिति मार्फत संकलन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको आधारमा लाभग्राही छनौटको प्रयोजनार्थ कार्यपालिका वैठकले गठन गरेको समितिले प्राविधिक कर्मचारी सहित स्थलगत निरिक्षण गरी अनुसूची ३ बमोजिमको लाभग्राही लगत संकलन फाराम भरी लाभग्राहीको सूची नगरपालिकाको सामाजिक विकास समिति समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम लाभग्राही छनौट गर्दा एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरमूलीलाई पहिलो

प्राथमिकता दिइनेछ । त्यसै गरी प्रकोपका कारण घरवारविहीन भएका, भविष्यमा उक्त स्थानमा वसोवास गर्दा जोखिममा रहेका र गरीबीको कारण न्यूनतम जीवनस्तर कायम गर्न नसकेका परिवारलाई समेत प्राथमिकता दिइनेछ ।

(४) नगरपालिकाको सामाजिक विकास समितिले लगत संकलन तथा सिफारिस समितिबाट पहिचान भई आएका लाभग्राहीको सूचीबाट प्राथमिकताक्रमको आधारमा निर्णयका लागि प्रमुख मार्फत कार्यपालिका समक्ष पेश गर्नेछ ।

(५) उपदफा (४) बमोजिम लाभग्राही छनौट गर्दा सगोलमा रहेका परिवारले एउटा आवासको लागि मात्र अनुदान पाउने गरी छनौट गर्नुपर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि ऐनको दफा १६(१), (२) र १७(१)बमोजिमको व्यक्ति तथा परिवारलाई सञ्चालित कार्यक्रममा समावेश गराउन सकिने छैन ।

परिच्छेद ३

## <u>अनुदान रकम तथा निर्माण सामग्री</u>

मुसिकोट राजपत्र

**५. रकम उपलब्ध गराउनेः** (१) कार्यालयले लाभग्राहीलाई सुरक्षित आवास निर्माण वा सुधार गर्न तथा जीवनस्तर सुधार्नको लागि स्नानगृह, भान्साघर, शौचालय, घरमा अपाङ्गमैत्री संरचना निर्माण वा सुधार गर्न लाभग्राहीको खातामा रकम उपलब्ध गराउनेछ ।

(२) रकम प्राप्त गर्ने लाभग्राहीले कार्यालयले सिफारिस गरेको बैंकमा खाता खोल्नुपर्नेछ ।

(३) लाभग्राहीलाई रकम उपलब्ध गराउने सम्बन्धमा कार्यालय र लाभग्राही बिच अनुसूची–४ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(४) कार्यालय र सोझै रकम प्राप्त गर्ने लाभग्राही बिच भएको सम्झौता बमोजिम कार्यालयले रकम प्राप्त गर्ने लाभग्राहीलाई कार्य सम्पन्न भएको प्राविधिक प्रतिवेदन, बिल भरपाई तथा अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात सम्झौता रकम बैंक खाता मार्फत उपलब्ध गराउने छ ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कार्यक्रममा समावेश हुन सक्ने लाभग्राही रहेको बस्तीमा उक्त समुदायको प्रतिनिधित्व हुने गरी सामुदायिक समिति (उपभोक्ता समिति) समेत यस कार्यक्रममा आबद्ध हुन सक्नेछ र सो का लागि व्यक्तिगत रुपमा लाभग्राहीले पुरा गर्नु पर्ने भनि यस कार्यविधिमा उल्लेख भए बमोजिमको प्रकृया पुरा गरेको हुनु पर्नेछ ।

**६. निर्माण सम्पन्न भएको मानिने :** लाभग्राहीले आवास निर्माण सम्पन्न गरीसकेपछि कार्यालयबाट तोकिएको प्राविधिक कर्मचारी

समेतको अनुगमन समितिले कार्यसम्पन्न प्रतिवेदन कार्यालयमा पेश गरी सकेपछि निर्माण सम्पन्न भएको मानिनेछ ।

**७. लागत सहभागिता योगदान र व्यवस्थापन :** (१) लाभग्राहीलको तर्फबाट निश्चित प्रतिशत रहन सक्ने वा नसक्ने गरी नगरपालिकाको सामाजिक विकास समितिले लाभग्राहीको वर्गिकरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको लागत सहभागिता रहन सक्ने अवस्थामा लागत सहभागिताको स्वरुप श्रमदान, नगद वा निर्माण सामग्री जुनसुकै पनि हुन सक्नेछ ।

## परिच्छेद ४

## समिति सम्बन्धी व्यवस्था

**८. लगत संकलन तथा सिफारिस समितिः** कार्यक्रम कार्यान्वयनको लागि कार्यपालिका बैठक मार्फत देहाय बमोजिमको एक लगत संकलन तथा सिफारिस समिति गठन गर्नेछ :-

(क) प्रमुखले तोकेको कार्यपालिका सदस्य
– संयोजक

(ख) प्रमुखले तोकेको महिला र दलित सदस्य सहित तिन जना कार्यापालिका सदस्य – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी - सदस्य

(घ) पूर्वाधार विकास शाखाको प्रमुख - सदस्य

(ङ) सम्बन्धित शाखाको शाखा प्रमुख - सदस्य सचिव

**९.लगत संकलन तथा सिफारिस समितिको काम कर्तव्य र अधिकार** : लगत संकलन तथा सिफारिस समितिको काम ,कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीति, बजेट तर्जुमा गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनका लागि प्राप्त निवेदनको आधारमा लाभग्राहीको लगत संकलन गर्ने, तथा प्राथमिकता क्रम निर्धारणका लागि सामाजिक विकास समिति समक्ष पेश गर्ने ,

(ग) कार्यपालिका बैठकबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने गराउने,

(घ) कार्यक्रमको प्रगति समिक्षा गर्ने ,

(ङ) कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित निकायहरुबीच समन्वयन गर्ने ,

(च) ज्येष्ठ नागरिक, एकल महिला, अनाथ बालबालिका र अपाङ्गता भएका लाभग्राहीले व्यहोर्नु पर्ने लागत सहभागिता रकममा छुट तथा सहुलियतका लागि सामाजिक विकास समिति मार्फत कार्यपालिका वैठकमा निर्णयका लागि सिफारिस गर्न सक्ने ।

**<u>१०.बैठक सम्बन्धि व्यवस्थाः</u>** (१) लगत संकलन तथा सिफारिस समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(२) समितिले आवश्यकता अनुसार बैठकमा निर्वाचित पदाधिकारी , कर्मचारी र विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

**<u>११. सेवा सुविधा:</u>** (१) समितिका पदाधिकारीहरुलाई लगत संकलन गर्न स्थलगत रुपमा खटिएको दैनिक प्रतिवेदनको आधारमा कार्यालयले कार्यक्रम कार्यान्वयन पश्चात बैठक भत्ता, खाजा तथा यातायात खर्च एकमुष्ट उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको दैनिक प्रतिवेदन समितिका संयोजकको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गर्नु पर्नेछ ।

परिच्छेद ५

# विविध

**१२. फरफारक हुने:** कुनै लाभग्राहीले कुनै कारणबश निर्माण कार्य बीचैमा छाडेमा निर्माण कार्यको मूल्यांकन गरी सोको खर्च फरफारक गरीनेछ ।

**१३. कारवाही हुने:** कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुटा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**१४. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. असुल उपर गरीने:** आवास निर्माण गर्न रकम लिएपछि आवास निर्माण नगरेमा उक्त रकम प्रचलित सरकारी कानून बमोजिम असुल उपर गरीनेछ ।

अनुसूची–१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

मुसिकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वामीटक्सार, गुल्मी।

**सूचना ! सूचना !! सूचना !!!**

मिति :

मुसिकोट नगरपालिकाको मिति ........................ को निर्णयानुसार यस नगरपालिका क्षेत्रभित्रका विपन्न समुदायका अति गरीब परिवारहरु, सिमान्तकृत, अल्पसङ्ख्यक, दलित र अपाङ्गता भएका व्यक्तिको परिवारले सुरक्षित आवास निर्माण वा सुधार गर्न तथा जीवनस्तर सुधार्नको लागि स्नानगृह/ भान्साघर/ शौचालय/ घरमा अपाङ्गमैत्री संरचना निर्माण वा सुधार गर्न अनुदान दिनको लागि "गुणस्तरीय जीवनस्तरका लागि आवास सुधार सहयोग कार्यक्रम" सञ्चालन गरीने भएकोले यस नगरपालिका क्षेत्रभित्र उपरोक्त अनुसारका घरधनीहरुले यस कार्यालयबाट आवेदन फाराम प्राप्त गरी आवश्यक विवरण भरी

मुसिकोट राजपत्र

३० (तिस) दिन भित्र यस कार्यालयमा बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । साथै म्याद समाप्त भए पछि प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

...................

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची– २

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**लाभग्राहीले दिने निवेदनको नमुना**

मिति :

श्री संयोजकज्यू,

लगत संकलन तथा सिफारिस समिति,

मुसिकोट नगरपालिका , वामीटक्सार,गुल्मी ।

मुसिकोट राजपत्र

**विषयः आवास क्षेत्र तथा शौचालय सुधार सहयोग कार्यक्रममा समावेश गरीदिने सम्बन्धमा ।**

उपर्युक्त विषयमा गुणस्तरीय जीवनस्तरका लागि आवास क्षेत्र तथा शौचालय सुधार सहयोग कार्यक्रम अन्तर्गत ताँहा कार्यालयको मितिः २०८०/०९/१९ मा प्रकाशित सूचना अनुसार लक्षित वर्ग एवं लाभग्राही छनौटका आधारहरु भित्र मेरो घरपरिवार पनि पर्ने भएकोले मेरो घरको स्थलगत निरिक्षण गरी मेरो घरपरिवारलाई सुरक्षित आवास/ स्नानगृह/ भान्साघर /शौचालय/ घरमा अपाङ्गमैत्री संरचना निर्माण / सुधारको लागि आवश्यक व्यवस्था मिलाइदिनु हुनको लागि तपसिलका कागजातहरू यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु । मैले पेश गरेको प्रमाणहरू सही छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझौंला ।

तपसिलः

| क्र.श. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १ | नागरीकता प्रमाणपत्रको प्रतिलिपि | |
| २ | लाभग्राही बसोबास गर्दै आएको घर/छाप्रो छाना पराल/खर/ स्याउला आदि आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुनसक्ने सामाग्रीबाट छाएको पुष्टि हुने प्रमाणित कागजात । | |
| ३ | गरीबीको रेखामुनी रहेका आफैँले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरीरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपि । | |
| ४ | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा या अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि । | |
| ५ | विगत २ वर्ष देखी त्यस स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि । | |
| ६ | प्रकोपका कारण घरवारविहीन भएको हकमा वडा कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि | |
| ७ | सिमान्तकृत, अल्पसङ्ख्यक र दिलत प्रमाणित सम्बन्धि सम्बन्धित निकायको सिफारिस (त्यस्तो परिवार भएको हकमा मात्र) | |
| ८ | अपाङ्ग परिचय पत्र (परिवार सदस्य मध्ये कुनै सदस्य “क” वर्गको वा पूर्ण दृष्टिबिहिन अपाङ्ग भएमा) | |

मुसिकोट राजपत्र

निवेदकको :

| निवेदकको औंठा छाप | |
|---|---|
| दायाँ | बाँया |
| | |

दस्तखत : ........................................

नाम थर : ..........................................................

बाबु/पति/पत्नीको नाम : ......................................

बाजे/ससुराको नाम : ................................................

सम्पर्क मोबाईल नं. : ................................................

टोलबस्तिको नाम : ..................................................

मुसिकोट राजपत्र

अनुसूची–३

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

मुसिकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, मुसिकोट

**गुणस्तरीय जीवनस्तरका लागि आवास सुधार सहयोग कार्यक्रम**

# लाभग्राही लगत संकलन फारम

| व्यक्तिगत विवरण |
|---|
| नाम थर .............................................................................................. |
| बाबु/ पतिको नाम थर ........................................................................ |
| वडा नं. ........ गाँउ/टोल ................................................................ |

क) **लाभग्राहीको परिवारको संख्या** :

ख) **निवेदकसँग तपसिल बमोजिमको कुन प्रमाण छ सोमा चिन्ह लागाउने ।**

१. **तपसिलः**

| .श. | संलग्न कागजातहरुको विवरण |
|---|---|
| | नागरिकता प्रमाणपत्रको प्रतिलिपी |
| | लाभग्राही बसोबास गर्दै आएको घर/छाप्रो छाना पराल/खर/ स्याउला आदि अ तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्रीबाट छाएको पुष्टि हुने कागजात । |
| | गरीबीको रेखामुनी रहेका आफैँले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा गरिरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपि । |
| | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा |

मुसिकोट राजपत्र

| | |
|---|---|
| | धारा या अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि । |
| | विगत २ वर्ष देखी त्यस स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाणको प्रतिलिपि । |
| | प्रकोपका कारण घरवारविहीन भएको हकमा वडा कार्यालयको सिफारिसको प्रतिलिपि |
| | सिमान्तकृत, अल्पसङ्ख्यक र दिलत प्रमाणित सम्बन्धि सम्बन्धित सिफारिस (त्यस्तो परिवार भएको हकमा मात्र) |
| | अपाङ्ग परिचय पत्र (परिवार सदस्य मध्ये कुनै सदस्य "क" वर्गको दृष्टिबिहिन अपाङ्ग भएमा) |

२.**हाल उपभोग/ बसोवास गरिरहेको घरको विवरण** :

क. निवेदकले प्रयोग गरिरहेको घरको संख्या:

ख. घरको लम्बाई........घरको चौडाई ........ घरको क्षेत्रफल .................. वर्ग फिट

ग. आवश्यक जस्तापाता संख्याः

घ. **लाभग्राहीले सुरक्षित आवास वा स्नानगृह वा भान्साघर वा शौचालय वा घरमा अपाङ्गमैत्री संरचना** , के निर्माण गर्न चाहेको हो र सो को लागि लाग्ने अनुमानित कुल खर्च रकम समेत लेख्ने :

क)

.................................................

................................निर्माण गर्ने,

मुसिकोट राजपत्र

ख) लागत रु. .......................... अक्षेरुपी ..........................................................................

**३. घर/छाप्रो/टहराको गारो / पर्खालको किसिम (५० प्रतिशत सम्ममा जे छ त्यसैलाई मान्ने) :**

क. बाँस, चिरपट / कप्टेरो आदि वा त्यसमा पराल / स्याउलाको टाटी

ख. नमिलेको ढुङ्गाको गारो, बास, कप्टेरो ,भकारी आदिमा माटोले पोतेको तथा काठ/ फल्याक, काँचो इँटामा माटोको जोर्नी

ग. मिलेको ढुङ्गाको गारो तथा पाकेका ईंटामा माटो / सिमेन्टको जोर्नी

**४. घरको छानाको किसिमः**

क. फुस, स्याउला, प्लाष्टिक सिट, खर, छाउनी ढुङ्गा, स्लेट आदि

ख. खपडा, टायल

ग. ढलान, कर्कटपाता

मुसिकोट राजपत्र

**५. जग्गाको स्वामित्वः**

क. लालपुर्जा भएको वा गाँउब्लक (स्वामित्व पाउन सकिने) वा स्वबासी र विवाद रहित जग्गा

ख. नदी/ खोला किनारमा बसोवास गरीरहेको

**६. घरमूलीको हकमा:**

क. अतिविपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका

ख. अन्य

(**माथी उल्लेखित सम्पूर्ण विवरण एवम् जानकारीहरु सँचो हुन्, उक्त विवरण म आफै राजिखुसी साथ यथार्थ रूपमा कुनै दबाव बना दिएको हो झुठ्ठा ठहर भए कानून बमोजिम सहुँला बुझाँउला भनी यस सर्वेक्षण फारममा सहि गर्ने ।)**

लाभग्राहीको

सही:

नाम थर :

सम्पर्क नं. :

| लाभग्राहीको औंठा छाप | |
|---|---|
| दायाँ | बाँया |
| | |

मुसिकोट राजपत्र

लगत संकलन गर्नेको :

सही :

नाम थर :

पद :

मुसिकोट राजपत्र

अनुसूची–४

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

## **मुसिकोट नगर कार्यपालिकाको कार्यालय र सोझै रकम प्राप्त गर्ने लाभग्राहीबीच गुणस्तरीय जीवनस्तरका लागि आवास क्षेत्र तथा शौचालय सुधार सहयोग कार्यक्रम सञ्चालनको लागि गरीएको सम्झौता पत्र**

१. सम्झौता गर्ने पक्षहरुः मुसिकोट नगरपालिका र श्री निरुता सार्की

२. कार्यक्रम सञ्चालन हुने स्थान : मुसिकोट नगरपालिका वडा नं. ५ टोल :आँपचौर

३. उद्देश्यः सुरक्षित आवास / स्नानगृह / भान्साघर / शौचालय / घरमा अपाङ्गमैत्री संरचना निर्माण वा सुधार गर्ने ।

४. कुल लागतः ४४९७५६।५१ ( लाभग्राहीको सहभागिता वापतको अंश समेत)

(नगरपालिकाले वेहोर्ने रकम रु ४४९०००)

५. प्रस्तावित निर्माण कार्य:

(क) शुरु हुने मितिः... २०८१/०२/२०

(ख) पूरा हुने मितिः २०८१/०३/

६. खर्च व्यहोर्ने श्रोतः

(क) कार्यक्रमबाट व्योहोरिने

(१) नगद रुपैया : ४४९०००।

(२) निर्माण सामग्रीः ..............................

(ख) लाभग्राहीको तर्फबाट

(१) नगद रुपैया : ...........................

(२) निर्माण सामग्री : ...............................

**कार्यालयको तर्फबाट**

**लाभग्राहीको तर्फबाट**

हस्ताक्षर : ...............................

हस्ताक्षर : ...........................

नाम थर चेतनाथ गिरी

नाम थर : निरुता सार्की

पदः प्रमुख प्रशासकीय अधिकृत ठेगाना : मुसिकोट नगरपालिका ५

मुसिकोट नगर कार्यपालिकाको कार्यालय।

प्रमाणिकरण मिति
२०८०।०८।१

आज्ञाले,
विनोद कुवंर
प्रशासकीय अधिकृत

मूल्यरू २०

मुसिकोट राजपत्र